आर्थिक वर्षः २०८३/०८४
मितिः २०८३/०८/०८
बैठक नं. ६

आज मिति २०८३/०८/०८ गतेका दिन यस जोरायल गाउँपालिकाका अध्यक्ष श्री दुर्गा दत्त ओझा ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको छैटौं बैठकमा तपसिल अनुसारको उपस्थितिमा देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो।

उपस्थितिः

क्र.सं.	नाम, थर	पद	कार्यपालिकाको पद	हस्ताक्षर
१	श्री दुर्गा दत्त ओझा	गाउँपालिका अध्यक्ष	अध्यक्ष	
२	श्री जमुना कुमारी बोहरा	गाउँपालिका उपाध्यक्ष	सदस्य	
३	श्री जगत बहादुर मल्ल	वडा अध्यक्ष, वडा नं. १	सदस्य	
४	श्री बिर बहादुर दर्लामी	वडा अध्यक्ष, वडा नं. २	सदस्य	
५	श्री नविन ओझा	वडा अध्यक्ष, वडा नं. ३	सदस्य	
६	श्री नन्द राज भट्ट	वडा अध्यक्ष, वडा नं. ४	सदस्य	
७	श्री ध्वज बहादुर देउवा	वडा अध्यक्ष, वडा नं. ५	सदस्य	
८	श्री गणेश बहादुर बोहरा	वडा अध्यक्ष, वडा नं. ६	सदस्य	
९	श्री ईन्द्रा देवी ओली	कार्यपालिका सदस्य	सदस्य	—
१०	श्री खगिता वि.क.	कार्यपालिका सदस्य	सदस्य	
११	श्री पम्पा देवी थापा	कार्यपालिका सदस्य	सदस्य	
१२	श्री खिमा देवी कामी	कार्यपालिका सदस्य	सदस्य	
१३	श्री लाल बहादुर सार्की	कार्यपालिका सदस्य	सदस्य	—
१४	श्री सविना वि.क.	कार्यपालिका सदस्य	सदस्य	—
१५	श्री सुशिला लेखक	प्रमुख प्रशासकीय अधिकृत	सदस्य सचिव	

पारित निर्णयहरु:

१. आ. व. २०८३/८४ का लागि यस गाँउपालिकाका लागि सुदुरपश्चिम प्रदेशबाट स्वीकृत भै हस्तान्तरण भएको बजेट रु. ८४,२४६,०००/- स्वीकृत गरी हिँउँदे गाँउसभामा अनुमोदनका लागि पेश गर्ने तथा हाल कार्यान्वयनमा लैजाने निर्णय गरियो।

२. आ. व. २०८२/८३ को अन्त्यमा निकासा भएको तथा सोही आ.व. मा कार्यान्वयन हुन नसकेको बजेट चालु आ.व. २०८३/८४ मा (युनिसेफ नेपाल को वास प्लान अद्यावधिक तथा तल्लो सिराड खानेपानी निर्माण शिर्षकमा विनियोजित रु. ३,८९,०००/-) अल्या गरी वास प्लान अद्यावधिक कार्यक्रममा बजेट विनियोजन गरीभएको रु. ३,८२,०००/- खर्च गर्ने निर्णय गरियो।

३. आ. व. २०८३/८४ को लागि सडक बोर्ड नेपाल को प.सं. २०८३-०८४ च.नं. २५८ मिति २०८३/०६/१९ को पत्रबाट यस गाँउपालिकाको स्थानीय सडक मर्मत संभार कार्यको लागि विनियोजित रु. ३०,००,०००/- बजेट जोरायल गा.पा. वडा नं. ६ खसरे जोरायल सडक मर्मत सम्भार कार्यमा खर्च गर्ने तथा सो को लागि matching रकम गा.पा. को आ. व. २०८३/८४ को स्वीकृत समपूरक कोषमा विनियोजित बजेटबाट व्यवस्थापन गर्ने निर्णय गरियो।

४. आ. व. २०८३/०८४ मा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत यस गाँउपालिकाका लागि विनियोजित बजेटको लागि यस गा.पा. को तर्फबाट विनियोजन गर्नुपर्ने matching रकम आ.व. २०८३/८४ को स्वीकृत गा.पा. को समपूरक कोषबाट व्यवस्थापन गर्ने निर्णय गरियो।

५. आ. व. २०८३/८४ को यस गा.पा. को पहिलो चौमासिकको सार्वजनिक सुनुवाई मिति २०८३/०८/१६ गते जोरायल गा.पा. वडा नं. ३ खेलकुद भवनमा बिहान ११ बजे आयोजना गर्ने निर्णय गरियो।

६. यस गाँउपालिकाको पालिकास्तरीय PAP तर्जुमा सम्बन्धी अभिमुखीकरण कार्यक्रममा छलफल भए बमोजिम यस गाँउपालिकाको विशेष उत्पादन "जोरायल बासमति" चामलको

सुशिला लेखक
प्रमुख प्रशासकीय अधिकृत

ब्राण्डिंग गरी प्रचारप्रसार र व्यावसायिक उत्पादनलाई थप प्रोत्साहन तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि आकर्षक एवं सोलाई उचित तरिकाले झल्काउने लोगो तयार गर्ने प्रतियोगिता आयोजना गरी छनौट सम्बन्धी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

७. यस गाँउपालिकाबाट आ.व. २०८३/८४ तथा आगामी आ.व.मा संघीय एवं प्रादेशिक समपूरक तथा विशेष अनुदान माग गर्न डिपिआर अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था रहेकोले चालु आ.व.को यस जोरायल गा.पा. को (आ.व. २०८३/८४ को) स्वीकृत कार्यक्रम अन्तर्गत सडक गुरुयोजना (RFP No: JRM/DOTI/CS/2083/084-01) तथा RFP No.: JRM/DOTI/CS/RMTMP/2083/084-02 तयार गर्ने निर्णय गरियो ।

८. यस गाँउपालिकाका अध्यक्ष श्री दुर्गादत्त ओझा तथा शिक्षा शाखा प्रमुख श्री तेज बहादुर खत्री Estonian Business School (EBS), Tallinn को निमन्त्रणा तथा आयोजनामा सन् २०२७ जनवरी ०७ देखि २०२७ जनवरी १६ सम्म Estonia को अध्ययन अवलोकन भ्रमणमा यस गाँउपालिका तथा नेपाल सरकारलाई कुनै पनि प्रकारको आर्थिक दायित्व नपर्ने गरी जान लाग्नुभएकोले सो भ्रमणको सिकाई यस गा.पा. को लागि निकै उपलब्धीमूलक हुने अपेक्षा गरिएको छ ।

९. यस जोरायल गा.पा. को वडा नं. ३ शाहानीगाँउ निवासी रत्न बहादुर शाहानीको छोरा वर्ष ३३ को प्रेम प्रकाश शाहानी विगत १० वर्ष देखि मानसिक असन्तुलन भई हाल कैलाली जिल्लाको अत्तरिया सुधार केन्द्रमा उपचार गराईरहेकोले उपचारको क्रममा आर्थिक रुपले असक्षम भई आर्थिक सहयोगका लागि सहयोग माग भएकोले सम्बन्धित बिरामीको सम्बन्धमा सम्बन्धित सुधार केन्द्रको आधिकारिक उपचारसम्बन्धी कागजातको आधारमा बढीमा तीन महिनाको लागि मासिक रु. १४,०००/- हजारमा नबढ्ने गरी आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

2083/08/08

सुशिला लेखक
प्रमुख प्रशासकीय अधिकृत